"सम्पूर्ण क्षेत्रको समुचित विकास, खाँदवारी नगरपालिकाको प्रयास"

# खाँदवारी नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
खाँदवारी, संखुवासभा।

१ नं. प्रदेश, नेपाल ।

**प्राविधिक सहायक पदको लागि करारमा कर्मचारी आवश्यकता सम्बन्धी सूचना ।**

**(प्रथम पटक प्रकाशित मिति २०७७/०४/२० गते)**

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) को च. नं. २३ मिति २०७७/०४/१२ को पत्रानुसार यस नगरपालिकामा संचालित रोजगार सेवा केन्द्रको लागि करारमा तपसिलमा उल्लेखित कर्मचारी आवश्यक रहेको हुनाले देहाय बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा **युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धि प्रक्रिया**मा उल्लेख भए बमोजिमको ढाँचामा दरखास्त दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**विज्ञापन नं. :- ८/०७७/७८ पद :- प्राविधिक सहायक तहः सहायक पाचौ माग पद संख्या :- १ (एक)**

१. आबश्यक न्युनतम योग्यता र अनुभव :-

क) सिभिल इन्जिनियरिङ्ग बिषयमा प्रविणता प्रमाणपत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तीर्ण गरेको ।

ख) अनुभव र सीप : प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछ ।

- कम्तिमा तिन महिना तालिम लिई आधारभुत कम्प्युटर सीप भएको ।
- पूर्वाधार निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको ।

ग) उमेर : १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको ।

२. दरखास्त दिने स्थान : खाँदवारी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, खाँदबारी, संखुवासभा ।

३. दरखास्त दिने अन्तिम मिति : २०७७ भाद्र २ गते कार्यालय समयभित्र ।

४. आवेदन शुल्क :रु.५,००।- (पाँच सय मात्र)

५. परीक्षाको किसिम : प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परिक्षा ।

६. दरखास्त साथ संलग्न पेश गर्नुपर्ने आवश्यक कागजातहरुः आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिम कागजातहरु

- ➢ नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।
- ➢ शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपिहरु
- ➢ अनुभव खुल्ने कागजात सहित रितपूर्वक भरिएको आवेदन फारम ।

७ . सेवा सुविधा : गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा (११), (१२), (१३) बमोजिम हुनेछ ।

८. पदले सम्पादित गर्नुपर्ने कार्यविवरण : गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा (९) बमोजिम हुनेछ ।

**(नोटः आवेदनको ढाँचा र प्राविधिक सहायक पदको कार्यविवरण लगायत अन्य जानकारी www.pmep.gov.np मा उपलब्ध छ ।)**

............................

दीपकमणि घिमिरे

नि. प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

यस कार्यालयको फोन नं. ०२९-५६०१४१,१२१,२५०,२५४,४४१ फ्याक्स : ०२९-५६०१४१,२५४
वेबसाइट : www.khandbarimun.gov.np इमेल : khandbari.mun@gmail.com